राष्ट्रिय परीक्षा बोर्ड
शाखा कार्यालय, [illegible]ढी, डडेल्धुरा

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : ४४१

मिति : २०८३/०३/१८

**विषय : बिलिङ्ग सम्बन्धमा।**

**श्री प्रधानाध्यापक ज्यूहरु**
**कक्षा १२ संचालित सबै विद्यालय**
**बाजुरा, बझाँग, अछाम, डोटी, डडेल्धुरा, बैतडी र दार्चुला।**

प्रस्तुत विषयमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२), सानोठिमी, भक्तपुरको मिति २०८३/०३/०५ गतेको निर्णयानुसार सोही दिन प्रकाशित भएको कक्षा १२ को नियमित तथा आंशिक परीक्षाको परीक्षाफलबाट TMP लिनका लागि योग्य भएका परीक्षार्थीहरुको बिलङ्गको कार्य प्रारम्भ भै सकेको व्यहोरा जानकारीका लागि अनुरोध छ। TMP लिनका लागि SEE को ग्रेडसिटमा भएको नाम थर तथा जन्ममिति जस्ताको त्यस्तै कक्षा ११ र कक्षा १२ को ग्रेडसिटमा भएको सुनिश्चत गरी कक्षा ११ र १२ को ग्रेडसिटको १/१ प्रति प्रतिलिपी र TMP बापत रु.१५००।- बैंक भौचर वा अनलाईनबाट यस कार्यालयको खाता नम्बर ४०२०१००००४६६८००१ मा जम्मा गरेको निस्सा यस कार्यालयमा पेश गरी यही मिति २०८३ साल अषाढ ३२ गते भित्र यस कार्यालयमा बिलिङ्ग गराइ सक्नु हुन अनुरोध छ।

आर्थिक वर्ष २०८२/०८३ को अवधि मिति २०८२ श्रावण १ गते देखि २०८३ अषाढ मसान्त सम्म हुने तथा २०८३ श्रावण १ गतेबाट नयाँ आर्थिक वर्ष २०८३/०८४ शुरु हुने हुँदा यस कार्यालयको बैंक खाता नम्बर ४०२०१००००४६६८००१ मा जम्मा भएका रकमका सबै भौचरहरु २०८३ अषाढ ३२ गते भित्र पेश गरी कार्यालयमा बिलिङ्ग गराइ सक्न हुन तथा २०८३ अषाढ ३२ गते भित्र बिलिङ्ग गर्न नसकिने अवस्था भएमा २०८३ श्रावण १ गते पछि मात्र बैंक खातामा रकम जम्मा गर्न हुन अन्यथा २०८३ श्रावण १ गते पछि हिसाब मिलान गर्न समस्या हुने हुँदा व्यक्ति वा विद्यालयसँग रहेका भौचरहरुको जिम्मेवारी सम्बन्धित व्यक्ति वा विद्यालयकै हुने हुँदा सो व्यहोरा विद्यार्थी एवं अभिभावकहरुलाई समेत तहाँबाटै जानकारी गराउन हुन र तोकिएको रकम भन्दा बढी नलिइ विद्यालयहरुले एकमुष्ठ रुपमा विद्यार्थीहरुबाट कागजात संकलन गरी TMP का लागि बिलिङ्ग गर्न गराउन हुन अनुरोध छ।

२०८३।३।१८
नारायणदत्त भट्ट
नि. कार्यालय प्रमुख
कार्यालय प्रमुख

**बोधार्थ:-**
श्रीमान् परीक्षा नियन्त्रक ज्यू
राष्ट्रिय परीक्षा बोड,
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२), सानोठिमी, भक्तपुर।
श्री आर्थिक शाखा, राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर।